परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४३ २०८२ असार ८ आईतवार Sunday 22, JUN 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।


## मानवीय कारणले नै मनसुनजन्य विपत्तको जोखिम : मुख्यमन्त्री कार्की

विराटनगर । मानवीय कारणले नै मनसुनजन्य विपत्तको जोखिम बढीरहेको कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताएका छन् ।

विराटनगरमा आयोजित मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना संवाद कार्यक्रमलाई सम्बोधन गर्दै कार्कीले भौतिक संरचना निर्माण गर्दा त्यसबाट आउने समस्यालाई ख्याल नगर्दाको परिणाम मनसुनजन्य विपत्तमा देखिने गरेको छन् । "विकास निर्माणका काम गर्दा वातावरणीय अध्ययनमा ध्यान नदिनु तथा जलवायु परिवर्तन लाई हामी आफैंले चुनौति दिईरहेकाले पनि पछिल्लो समयमा मनसुनजन्य विपत्तले प्राकृतिक क्षति, आर्थिक क्षति र मानवीय क्षति गरिरहेको छ" वहाँको भनाई थियो ।

कोशी प्रदेशभित्र विपत्त व्यवस्थापनको लागि गर्नुपर्ने सबै किसिमको तयारी गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालय लाई निर्देशन समेत दिनुभएको छ । मानवीय क्षति, भौतिक क्षति तथा आर्थिक क्षतिलाई रोक्नको लागि कसरी बढी भन्दा बढी सचेतना जगाउँन सकिन्छ त्यसतर्फ ध्यान दिन मुख्यमन्त्री कार्कीले उहाँले आग्रह गरेका छन् ।

विपत्त पहिलो चुनौतिको रुपमा देखिएकोले विपत्त प्रतिकार्य संरचना खडा गरेर काम गर्नुपर्ने बताउँदै मुख्यमन्त्री कार्कीले यसले नेतृत्व आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई गर्न आग्रह गर्दै सरकारले गर्नुपर्ने आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । मानवनजीवन, भौतिक संरचना र प्राकृतिक स्रोत जोगाउने कुरामा प्रदेश सरकार गम्भिर रहेका वताए ।

त्यसैगरी कार्यक्रममा बोल्दै आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले कोशी प्रदेशले ५ बर्षे "प्रदेश विपत्त व्यवस्थापन रणनीति कार्ययोजना" बनाएर काम अघि बढाएको भन्दै कोशी प्रदेशमा मनसुनजन्य विपत्तबाट जोखिममा रहेका र अति जोखिममा रहेका क्षेत्र छुट्याएर काम भईरहेको जानकारी गराएका थिए ।

संघिय विपत्त व्यवस्थापन समिति, जिल्ला विपत्त व्यवस्थापन समिति र स्थानीय विपत्त व्यवस्थापन समितिसँग सहकार्य गरेर काम गरिरहेको मन्त्री भण्डारीले जानकारी गराउँदै स्थानीय विपत्त व्यवस्थापन समितिलाई प्रभावकारी बनाउने गरी सरकारले काम गरिरहेको उहाँले वताएका थिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशको आयोजनामा भएको कार्यक्रममा पूर्व सचिव केदार न्यौपानेले "मनसुन हिजो, आज र भोली" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने "२०८१ सालको मनसुन चित्रहरुमा" कार्यपत्र डीपी नेटका अध्यक्ष डा. राजु थापाले प्रस्तुत गरेको थियो ।

जल तथा मौसम विज्ञान विभाग धरानका रुद्र परियारले "२०८२ सालको मनसुन प्रक्षेपण" कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने राष्ट्रिय विपत्त जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गोमा चेम्जोङले "संघिय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना

बांकी अन्तिम पेजमा...

## नक्कली प्रहरी पक्राउ



विराटनगर । जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ स्थित रानी-जोगबनी सडक खण्डमा नक्कली प्रहरी हुँ भन्दा रकम असुरल गर्ने नक्कली प्रहरी पक्राउ परेको छ ।

पक्राउ पर्नेमा विराटनगर महानगरपालिका वडा नं.१२ बस्ने बर्ष २५ को धन कुमार थारु रहेका छन् । थारुले शारीरिक रुपमा अपाङ्ग रहेका व्यक्ति लगायत सर्वसाधरण व्यक्तिहरुसंग जोगवनीबाट विराटनगरतर्फ घरायसी सामान लिएर आउदै गर्दा प्रहरी हो भनि डर त्रास देखाई रकम लिने थियो ।

थारुलाई वैशाख ६ गते पक्राउ गरी भन्न जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई जिल्ला प्रशासन कार्यालय मोरङबाट अभद्र व्यवहार

बांकी अन्तिम पेजमा...

## बाँतर जातिको संस्कृति संरक्षणको लागि सहयोग गर्ने प्रतिवद्धता

विराटनगर । बाँतर जातिको र्धम संस्कृति संरक्षण का लागि सहयोग गर्ने प्रतिवद्धता कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रतिवद्धता जनाएका छन् ।

सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिकामा नेपाल बाँतर सरदार समाज कल्याणकारणी एवं उत्थान केन्द्र र युवा समितिको संयुक्त पाँचौ राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री कार्कीले सो प्रतिवद्धता जनाएको थियो ।

त्यसैगरी कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री रेवतीरमण भण्डारीले पाँचौ राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्नुहुँदै प्रदेश सरकारले बाँतर जातीको आर्थिक, सामाजिक, स्वास्थ्य र शिक्षाको क्षेत्रमा अगाडी बढाउने खालको नीति तथा कार्यक्रम निर्माण गर्ने प्रतिवद्धता जनाएका छन् ।

नेपालको तराई, मधेश, भित्री मधेश र बाह्य क्षेत्रमा अवस्थित अनेकौ जंगलीफाँटहरुमा परापूर्वकालदेखिनै वन्तरा जातिको बसोवास रही आएको कथन रहेको नेपाल बाँतर सरदार समाज कल्याण कारणी केन्द्रीय सभापति मोहनलाल सरदारले वताए । सुरुमा रहेको वन्तरा शब्द वि.स. १७२० साल तिर आईपुग्दा अपभ्रम्स भई बातर हुन आएको यस जातीका अगुवा तथा ईतिहास विद्हरुले अधिवेशनमा वताए ।

उनीहरुको भनाईअनुसार वन्तरा भन्नाले वनको राजा भन्ने जनाउँछ । बाँतर जातिलाई हाल सरदार पनि भन्ने गरिन्छ । बाँतर जाति

बांकी अन्तिम पेजमा...


**सांस्कृतिक विविधताको सम्मान गरौं**

- सबै धर्म ,जातजाती, भाषा भाषी, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाड पर्वमा सहभागी बनौं,
- भेदभाव, छुवाछुत घृणा र हिंसा विरुद्ध बोलौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- सांस्कृतिक कार्यक्रम **र परम्परालाई संरक्षण गरौं,**
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं,

'सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं' ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**




